# उच्च अदालत तुलसीपुर बुटवल इजलास

बुटवल, रुपन्देही

सूचना नं. १/०७७/०७८

प्रथम पटक प्रकाशित मिति २०७७।१०।१२

यस अदालतको मूल भवन तथा सुरक्षा व्यारेक भवनमा पार्टेसन समेतको निर्माण कार्य निर्माण व्यवसायीबाट गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउ पत्र आवहान गरिएको छ ।

**शर्तहरु**

१. प्रस्तुत शिलबन्दी दरभाउपत्र प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन भित्र यस अदालतको कार्यालय समयमा स्थायी लेखा नम्बर तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि फर्म वा कम्पनी दर्ता पत्र आ.व. २०७६/०७७ को कर चुक्ताको प्रमाण पत्र, व्यवसाय दर्ताको प्रमाणित भएको इजाजत पत्रको प्रतिलिपि संलग्न राखी निवेदन दिई यस अदालतबाट खरिद गर्न सकिनेछ ।

२. खरिद भएका दरभाउपत्र यो सुचना प्रकाशित भएको मितिले १६ औ दिनको १२ बजे भित्र यस अदालतको लेखाशाखामा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका बोलपत्रहरु दिउसो २ बजे प्रतिनिधि भए प्रतिनिधिको रोहबरमा प्रतिनिधि उपस्थित नभएमा पनि दर्ता हुन आएका शिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन र उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट वा कार्यालय खुलेको दिनलाई सो कार्य गरिने दिन मानिनेछ ।

३. शिलबन्दी दरभाउपत्रमा दरभाउपत्रवालाले नाम, ठेगाना, फोन नं. भएसम्म इमेल ठेगाना खुलाई फर्मको छाप लगाइ शिलबन्दी गरी लाहाछाप लगाई पेश गर्नुपर्नेछ ।

४. दरभाउपत्रमा प्रत्येक आइटम वाइजको दररेट अंङ्क र अक्षर दुबैमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । यदी केरमेट भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ ।

५. दररेट उल्लेख गर्दा मूल्य अभिबृद्धि कर बाहेक र मुल्य अभिबृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ ।

६. एउटा फर्मको नामबाट खरिद गरिएको दरभाउपत्र अर्को फर्मको नामबाट पेश, दर्ता दाखिला गर्न पाइने छैन । यसरी पेश भएमा बदर हुनेछ ।

७. शिलबन्दी दरभाउपत्रको ग्राहयता प्रमाणित गर्न कागजात शिलबन्दी दरभाउपत्र साथ राख्नुपर्नेछ । र नक्कली कागजात पेश गरेको पाइएमा उक्त दरभाउपत्र रद्द गरी कानून बमोजिम कारवाही हुनेछ ।

८. शिलबन्दी दरभाउपत्र साथमा लागत अनुमानको २.५% (दुई दशमलव पाँच प्रतिशत) ले हुने रकम कृषि विकास बैंक लि. को शाखा कार्यालय मिलनचोक बुटवल रुपन्देहीमा रहेको यस अदालतको कार्यालय कोड नं. २०४९१४८०१ को.ले.नि.का. रुपन्देहीको धरौटी खाता नं. ०४१४३०१०१४२५३०२७ मा नगदै दाखिला गरी सोको सक्कलै भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस अदालतको नाममा जारी गरिएको कम्तिमा ५० दिनको बैंक जमानतको सक्कल पेश गर्नुपर्नेछ ।

९. दर्ता/पेश हुन आएका दरभाउपत्र स्वीकृती गर्ने नगर्ने सम्पूर्ण अभिकार यस अदालतलाई हुनेछ ।

१०.यस शिलबन्दी दरभाउपत्र सम्बन्धी कार्य विधि प्रचलित ऐन कानुन तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

११,रित नपुगी म्याद नाघी आएका सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१२.सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना सम्मानीत सर्वोच्च अदालतको वेवसाइट WWW.Supremecourt.gov.np र यस उच्च अदालत तुलसीपुर बुटवल इजलासको वेवसाइट WWW.Supremecourt.gov.np/court/butwalhc मा समेत हेर्न सकिनेछ । साथै शिलबन्दी दरभाउपत्र सम्बन्धी कुनै जानकारी आवश्यक परेमा यस अदालतको प्रशासन भवनमा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

| सि. नं. | ठेक्का सूचना नं. | लागत अनुमान मु.अ.कर कन्टेलजेन्सी बाहेक | धरौटी रकम २.५% | दरभाउपत्र दस्तुर | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति समय र स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | १/०७७/०७८ | १०,२५,२३५.२४ | २५६३१।- | १०००।- | २०७७।१०।२६ | २०७७।१०।२७ बिहान १२ बजेसम्म | २०७७।१०।२७ दिउसो २ बजे उच्च अदालत तुलसीपुर बुटवल इजलास |

उच्च अदालत तुलसीपुर,
बुटवल इजलास